मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असोज २९ गते बुधबार ❑ 15 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## ठेक्का अवधि सकिँदा सेती पुलमा आधा काम

पोखरापत्र संवाददाता
पोखरा, २८ असोज

पोखरा-मुग्लिन सडक आयोजनाअन्तर्गत पोखराको सेती नदीमा निर्माणाधीन 'सिग्नेचर' पुलको भौतिक प्रगति न्यून देखिएको छ। गत भदौमा तीनवर्षे ठेक्का अवधि सकिएको उक्त पुलमा हालसम्म जम्मा ५० प्रतिशत काम भएको छ।



पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने) का प्रमुख कृष्णबहादुर कुँवरका अनुसार आगामी वैशाखसम्म उक्त पुलको ठेक्का म्याद थपिएको छ। "अहिलेकै गतिमा काम भए वैशाखभित्र पनि पुल बन्न मुस्किल देखिन्छ", उहाँले भन्नुभयो, "निर्माण कम्पनीले पुलका लागि चाहिने केबललगायत सामग्री समयमा ल्याउन नसक्दा काममा ढिलाइ भएको हो।"

तीन वर्षको सम्झौता अवधि भए पनि पुलको डिजाइन स्वीकृत गर्न र मापदण्डभित्रका संरचना हटाउन एक वर्ष लागेको प्रमुख कुँवरले बताउनुभयो। पछिल्लो दुई वर्षमा पुल निर्माणले गति लिए पनि अपेक्षित प्रगति हुन नसकेको उहाँको भनाइ छ। विक्रम संवत् २०७९ साउनमा निर्माण कम्पनी रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको जिम्मा लिएको थियो। चीनबाट पुलको केबल ल्याउन उक्त कम्पनीले प्रतीतपत्र (एलसी) खोल्ने तयारी गरेको प्रमुख कुँवरले बताउनुभयो। 'केबल-स्टेड' प्रविधिको उक्त पुलमा चार जगको काम पूरा भइसकेको छ। चार टावर निर्माणको काम पनि अन्तिम चरणमा पुगेको छ। आकर्षक डिजाइनमा बन्ने उक्त 'सिग्नेचर' पुलको जग निर्माणमा बढी समय लागे पनि टावरलगायत माथिल्लो संरचनाको काम चाँडो हुने निर्माण कम्पनीले जनाएको छ। छ लेनको उक्त सडकका अहिले रहेको पुलको तल र माथि गरी आकर्षक बनावटका दुई 'सिग्नेचर' पुल बन्नेछन्। एसियाली विकास बैङ्कको ऋण सहयोगमा सडक विभागमार्फत उक्त पुल निर्माण भइरहेको हो। भ्याटबाहेक रु ९४ करोडको ठेक्कामा पुल निर्माण हुन लागेको हो। 'सिग्नेचर' पुल बनेपछि पर्यटकीय राजधानी पोखराको आकर्षण बढ्नेछ। पुरानो प्रविधिको भन्दा अहिले निर्माणाधीन पुल डिजाइनका हिसाबले आकर्षक रहेको आयोजना प्रमुख कुँवरले बताउनुभयो। एक सय ९० मिटर लामो उक्त पुल निर्माणमा कङ्क्रिट र फलामको प्रयोग गरिएको छ। पुल निर्माणपूर्व विदेशी प्राविधिकसहितको टोलीले पुलको डिजाइन गरेको थियो। पोखरा-मुग्लिन सडक चार लेनमा विस्तार तथा स्तरोन्नति आयोजनाअन्तर्गत पोखराको सेती र तनहुँको मादी नदीमा 'सिग्नेचर' पुल निर्माणाधीन अवस्थामा छन्। पचास वर्षअघि बनेको पृथ्वी राजमार्गअन्तर्गतको पोखरा-मुग्लिन सडक २०७८ वैशाखदेखि विस्तार तथा स्तरोन्नतिको काम सुरु गरिएको थियो। सडक स्तरोन्नतिसँगै विभिन्न ठाउँमा पुल निर्माण भइरहेका छन्। आयोजनाको पश्चिम खण्ड (पोखरा-जामुने) मा ११ पुल बनिसकेका र दुई पुल निर्माणाधीन अवस्थामा छन्। तनहुँको म्याग्देखोला, कुम्लेखोला, ठाडेखोला, सम्धीखोला, मूलखोला, फेदीखोला-१, फेदीखोला-२, रुदीखोला, हलेदीखोला, कालीखोला र कास्कीको कोत्रेखोलामा पुल निर्माण सम्पन्न भएको छ। पोखराको विजयपुर खोला र सेती नदीमा पुल निर्माणको चरणमा रहेको आयोजना प्रमुख कुँवरले बताउनुभयो।

## युवालाई वन्यजन्तु अनुसन्धान विधि तालिम

पोखरापत्र संवाददाता
पोखरा, २८ असोज

'प्रकृतिका साथीहरू' संस्थाको आयोजनामा वन्यजन्तु संरक्षणमा व्यावहारिक ज्ञान दिने उद्देश्यका साथ स्याङ्जाको पुतली बजार नगरपालिका-२, भैँसेगौँडामा युवालाई वन्यजन्तु अनुसन्धान विधि तालिम दिइएको छ।

नेपालमा वन्यजन्तु र तिनको वासस्थानको अनुसन्धान तथा संरक्षणको क्षेत्रमा क्षमतावान् युवापुस्ता निर्माण गर्ने उद्देश्यका साथ सन् २०१२ देखि वार्षिक दुई चरणमा युवालाई तालिम दिँदै आएको संस्थाले हरेक चरणमा १९ दिन स्थलगत रूपमा नै तालिम दिने गरेको छ। नेपालमा वन्यजन्तु संरक्षण, अनुसन्धान क्षेत्रमा व्यावहारिक ज्ञानको आवश्यक भइरहेका अवस्थालाई दृष्टिगत गरी विभिन्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी छनोट गरी तालिम दिने गरिएको 'प्रकृतिका साथीहरू'का निर्देशक राजु आचार्यले जानकारी दिनुभयो।

"तालिमका क्रममा सैद्धान्तिक, व्यावहारिक र प्रयोगात्मक विधिबाट वन्यजन्तु तथा वनस्पतिको पहिचान, अनुगमन र वैज्ञानिक तथ्याङ्क सङ्कलन तथा प्रकाशनका साथै प्रभावकारी संरक्षण सचेतना अभियान सञ्चालनलगायत विषयका विज्ञबाट प्रशिक्षण दिने गरिएको छ", उहाँले भन्नुभयो, "रोलवराह सामुदायिक वन र सिम्रिक लेक सामुदायिक वनलाई समेटेर अनुसन्धान विधि तालिम सञ्चालन गरिरहेका छौँ। अनुसन्धानका क्रममा देखिएका विषयलाई पुस्तकका रूपमा प्रकाशन गर्ने तयारी छ।"

तालिम आगामी कात्तिक १ गतेसम्म चल्नेछ। सहभागीलाई भैँसेगौँडास्थित मिलेनियम भैँसेगौँडा सामुदायिक घरबासमा आवासीय व्यवस्थापन गरी तालिम सञ्चालन भइरहेको छ।

## नक्कली पेस्तोल देखाउँदै चोरी गर्ने युवक पक्राउ

पोखरापत्र संवाददाता
पोखरा, २८ असोज

पोखरामा पछिल्ला दिनमा चोरी, लुटपाट र ठगीका घटनामा वृद्धि भइरहेको बेला नक्कली पेस्तोल देखाएर लुटपाट गर्ने एक युवकलाई प्रहरीले पक्राउ गरेको छ।

पर्वत मोदी गाउँपालिका-१ स्थायी घर भई हाल पोखरा-२० भलाम बस्ने २४ वर्षीय सुजन विकलाई चोरी गरेको आरोपमा प्रहरीले पक्राउ गरेको हो। सोमवार राति करिब साढे ८ बजे पोखरा-१२ शितलादेवीकी स्थानीय महिला देविकला अधिकारीलाई नक्कली पेस्तोल देखाई सुन लुट्ने प्रयास गरेका उनलाई भाग्ने क्रममा प्रहरीले पक्राउ गरी अनुसन्धान बढि बढाएको छ। लुटपाटको क्रममा अधिकारीले प्रतिकार गरेपछि विक भागेका हुन्। स्थानीयवासीको तत्काल सहयोग र प्रहरीको सक्रियतामा वडा प्रहरी कार्यालय रामबजारको टोलीले भेटनरी नजिकैबाट विकलाई नियन्त्रणमा लिन सफल भएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी हरिबहादुर बस्नेतले जानकारी दिनुभयो। प्रहरीका अनुसार, विकको साथबाट नक्कली पेस्तोल (खेलौना) र उनले प्रयोग गरेको ग १३ प ९८३२ नम्बरको पल्सर मोटरसाइकल बरामद गरिएको छ। पछिल्ला दिनमा पोखराका विभिन्न टोलहरूमा चोरी, लुटपाट र ठगीका घटनाहरू बढ्दै गएपछि नागरिक निगरानी टोलीहरू गठन गरी रात्री गस्ती सुरु गरिएको वडास्तरका प्रतिनिधिहरूले बताउनु भएको छ। जेनजी आन्दोलनपछि देशभर आपराधिक क्रियाकलापमा वृद्धि भएको देखिएको छ। त्यसै कारण पोखरामा पनि चोरी, लुटपाट र ठगीका घटनाहरू हुन थालेका छन्। तिहार पर्व नजिकिँदै गर्दा, प्रहरी प्रशासनले बजार, बसोबास क्षेत्र र सवारी साधन क्षेत्रमा विशेष सतर्कता अपनाउन नागरिकमा आग्रह गरेको छ।

## राष्ट्रियता र लोकतन्त्रका निमित्त कांग्रेसले कहिल्यै कसैसँग कुनै सम्झौता गर्दैन : सभापति देउवा

रासस
काठमाडौँ, २८ असोज

नेपाली काग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रियता र लोकतन्त्रका पक्षमा काग्रेसले कहिल्यै कसैसँग कुनै सम्झौता नगरेको बताउनुभएको छ।



काग्रेस केन्द्रीयकार्यसमितिको मंगलबारको बैठकमा उहाँले जुनसुकै कालखण्डमा पनि देशमा उत्पन्न विषम परिस्थितिलाई ठीक ढङ्गले पहिचान गर्ने र मुलुकलाई जटिलताबाट सहजतातर्फ पुऱ्याउने काग्रेसको विशेषताले नै पार्टीलाई सदैव जनताको प्यारो पार्टीका रुपमा स्थापित गरिरहेको उल्लेख गर्नुभयो। 'जेनजी' आन्दोलनका क्रममा साङ्घातिक हमलामा परी घाइते हुनुभएका उहाँ मंगलबार पहिलोपटक सार्वजनिक रुपमा देखिनुभएको हो। उक्त आन्दोलनपछि पहिलो पटक भएको काग्रेस केन्द्रीय समिति बैठक मंगलबार बसेको हो। उहाँले लोकतन्त्र प्राप्तिको सङ्घर्षमा होस् वा देशमा भएका सबै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणको आन्दोलन होस्, सदैव सही एजेण्डा तय गरी देशलाई उचित गन्तव्यमा पुऱ्याउन काग्रेस सफल भएको बताउनुभयो।

"अहिले हामी केन्द्रीय कार्यसमितिको बैठक गरिरहँदा देशभित्र र विश्वभरी फैलिएर रहेका नेपाली दाजुभाइ तथा दिदीबहिनीसहित संसारको आँखा यो बैठकतर्फ आकृष्ट भएको मैले अनुभूति गरेको छु", सभापति देउवाले भन्नुभयो, "त्यसैले पनि हामीले समसामयिक राजनीतिको सही विश्लेषण गरेर मुलुकलाई उचित निकास दिने गरी निर्णय गर्न आवश्यक छ। यस बैठकबाट काग्रेसले आफ्नो इतिहासमा आर्जित विश्वनियतालाई पुर्नपुष्टि गर्नुपर्दछ।" मुलुकको यो विषम अवस्थामा तोडफोड, लुटपाट र आगजनी गरी खरानी भएर भग्नावशेषको रुपमा बाँकी रहेको केन्द्रीय कार्यालयमा बैठक बसिरहेको उल्लेख गर्दै उहाँले यसले पक्कै पनि सबैलाई स्तब्ध बनाएको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "म सबैभन्दा पहिले भदौ २३ र २४ गतेको घटनामा परी ज्यान गुमाउनु हुने सबैमा श्रद्धाञ्जली व्यक्त गर्दछु। दुःखको यस घडीमा शोकाकूल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु। घटनामा घाइते हुनुभएका सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।"

## पोखरामा 'अम्ब्रेला स्ट्रिट' नयाँ आकर्षण, दैनिक हजारौँ पर्यटकको भिड


पोखरापत्र संवाददाता
पोखरा, २८ असोज

पर्यटकीय राजधानी पोखराको लेकसाइडमा हालै सुरु गरिएको 'अम्ब्रेला स्ट्रिट' नयाँ आकर्षणको केन्द्र बनेको छ।



रंगीबिरंगी छाताहरू सडक माथि कलात्मक ढंगले झुण्ड्याएर सजाइएको यो सडक अहिले देश-विदेशका पर्यटकका लागि फोटो र भिडियो खिच्ने लोकप्रिय गन्तव्य बनेको हो।

लेकसाइडको हल्लनचोकदेखि फेवाताल किनारसम्म फैलिएको यस 'अम्ब्रेला स्ट्रिट'मा रातो, निलो, पहेँलो र हरियो रंगका छाताहरू सडकमाथि आकर्षक ढंगले टाँगिएका छन्। यसले पोखराको सौन्दर्यमा नयाँ आकर्षण थपेको छ भने सहरलाई अझै जीवन्त बनाएको छ। पछिल्ला दिनमा देशका विभिन्न भागमा भएका आन्दोलन र बाढीपहिरोका कारण पर्यटक आगमन घटेको बेला यस्तो आकर्षक पहलले पुनः पर्यटन क्षेत्रमा सकारात्मक सन्देश दिएको पोखरा महानगरपालिका-६ का वडा अध्यक्ष विष्णु बहादुर भट्टराईले बताउनु भयो। रंगीन छाताहरूले लेकसाइडलाई नयाँ ऊर्जा दिएको र आन्तरिक तथा बाह्य पर्यटकलाई घुम्न प्रेरित गरेको उहाँको बुझाई छ। 'अम्ब्रेला स्ट्रिट' दृश्यहरू प्रायः युरोप र एसियाका केही सहरहरूमा देखिने भए पनि पोखरामा यसको सुरु हुनुले सहरको पर्यटकीय पहिचानमा नयाँ आयाम थपेको पर्यटन व्यवसायीको भनाई छ। लेकसाइडको यो नयाँ दृश्यावलोकन स्थल अहिले सामाजिक सञ्जालमा ट्रेन्डिङ बनेको छ। दैनिक हजारौं पर्यटकले यहाँ फोटो र भिडियो खिच्दै रमाइलो गर्ने गरेका छन्। धेरैले यसलाई पोखराको सौन्दर्यमा थपिएको अर्को रंगीन आकर्षणका रूपमा लिएका छन्।


पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं बर्षको कष्ट बन्छ।
- कालीदास

## सम्पादकीय

# राज्यले सम्बोधन नगरेका नर्सिङ कर्मचारी

पटकपटकको आन्दोलनपछि पोखराको मणिपाल शिक्षण अस्पतालले नर्सिङ कर्मचारीको तलब बढाएको छ।नर्सिङ कर्मचारीमाथि श्रम शोषणको आरोपको खण्डन गर्दै तलब बढाउन बाध्य भएको छ। नर्सिङ कर्मचारीहरूलाई न्यून पारिश्रमिकमा काम गराएर श्रम शोषण गरेको भन्ने आरोप लाग्दै आएको छ।मणिपाल अस्पतालले आरोपको खण्डन गरेको छ। अस्पतालले विज्ञप्ति जारी गर्दै आरोपहरू भ्रामक र तथ्यहीन भएको दाबी गरेको छ।' अस्पताल त्यस्ता आरोपप्रति गम्भीर आपत्ति प्रकट गरेको छ।मणिपाल शिक्षण अस्पताल विगत तीन दशकदेखि गण्डकी प्रदेशमा गुणस्तरीय, सुरक्षित र उदाहरणीय स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेको दावी गरेको छ। मणिपालमा विभिन्न समयमा चिकित्सक देखि अन्य कर्मचारीले आन्दोलन गर्दै सुविधा बढाउँदै आएका हुन। भारतीयको नेतृत्व हुँदा आन्दोलन नै परिचय बनेको थियो। नर्सिङ कर्मचारीको आन्दोलन जेनजी आन्दोलनपछि सबैको ध्यानाकर्षण गर्न सकेको हो।

अस्पतालका अनुसार, नर्सिङ कर्मचारीहरूलाई नेपाल सरकारले तोकेको न्यूनतम तलब १७ हजार ३ सय रुपैयाँ मासिक तलब र अन्य तोकिएका सुविधाहरू अनुसार नै तलब प्रदान गर्दै आएको जनाएको छ। यस्तै, नयाँ तलब तथा भत्ता समेत घोषणा गरेको छ। नयाँ निर्णयअनुसार बिएस्सी र बिएन स्टाफ नर्सलाई २९ हजार ५ हजार ८७ मासिक तलब भत्ता तोकेको छ। तर पूरा तलब पाउन काम गरेको १ वर्ष पुग्नुपर्ने सर्त राखेको छ। यस्तै, पिसिएल स्टाफ नर्सका लागि २८ हजार ५ सय २७ र सिएमए र अनमीका लागि २६ हजार ५ सय २७ तलब तोकेको छ। यसबाहेक अस्पतालले नर्सिङ कर्मचारीहरूलाई खाना बापत ६ सय रुपैयाँ र आवासीय होस्टेल सुविधा दिइरहेको जनाएको छ। नर्सहरूले गरेको आन्दोलनमा भने अस्पतालले आपत्ति जनाएको छ।

कुनै पनि सार्वजनिक निकाय वा सङ्गठनमा जस्तै यस अस्पतालमा पनि केही कर्मचारीहरूको कार्यसम्पादनमा कहिलेकाहिँ प्रश्न उठ्न सक्छ, अस्पतालले विज्ञप्तिमा भनेको छ, यस्तो अवस्थामा सम्बन्धित कर्मचारीहरूलाई नयाँ नीति नियमहरूको पालना गर्ने, कार्यशैलीमा सुधार गर्ने, सेवामा समर्पित हुने, तोकिएको समयमा कार्य सम्पन्न गर्ने, तोकिएको कार्य क्षेत्र भित्र रही काम गर्ने, टिम वर्कमा विश्वास गर्ने, असल व्यवहार गर्ने, काममा समयनिष्ठ हुने, र काममा लगनशील हुनुपर्छ। अस्पतालले राम्रो सुविधा दिएर नै काममा थप मेहनत गर्नुपर्छ भन्ने भावना विकास हुन्छ। योग्यता अनुसारको काम र काम अनुसारको दाम दिन सकेमा आन्दोलनमा जाने अवस्था आउँदैन।

कार्यरत नर्सिङ कर्मचारीहरूले आकस्मिक रूपमा आफ्नो कार्यस्थल छोडेर तलब भत्ता वृद्धि नभएसम्म संवेदनशील विभागमा बिरामीलाई छोड्नु गलत भएको तर्क गरेको छ। चिकित्सक हुन कि नर्सिङ कर्मचारी आ आफ्ना आचारसंहिता पालनागरेमा आरोपप्रत्यारोप गर्ने अवस्था आउँदैन। मणिपालको भन्दा सुविधामा कमजोर अव्यवस्थामा काम गर्ने नर्सिङ र अन्य कर्मचारीलाई उचित पारिश्रमिक दिएमा आन्दोलनको भ्रङभङ्ट आइलाग्ने छैन।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यासित लाभ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाव | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : व्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# सञ्चालन हुन थाल्यो बेनी-दरबाङ सडक

पोखरापत्र संवाददाता
म्याग्दी, २८ असोज

जिल्लाको पश्चिमी क्षेत्रमा रहेका तीनवटा स्थानीय तहलाई सदरमुकाम बेनीबजारसँग जोड्ने बेनी-दरबाङ सडक मर्मत भएको छ।

बर्खा रोकिएपछि सडकमा खसेको पहिरो पन्छाएर फराकिलो बनाएपछि बेनी-दरबाङ सडकमा यात्रुवाहक बस र मालवाहक सवारीसाधन सञ्चालन हुन थालेका छन्। पूर्वाधार विकास कार्यालयले फापरखेत, लाम्पाटा, पानाबगर र बाङ्गेपहिरोमा सडक मर्मत गरेको जनाएको छ। कार्यालयका सुपरभाइजर रामजी आचार्यले बर्खा रोकिएपछि सडक मर्मत गरेर ठूला सवारीसाधन सञ्चालन गर्न मिल्ने बनाएको बताउनुभयो। सडकमा पहिरो खसेर साँघुरिएको थियो। पहिरो पन्छाएर सडकलाई फराकिलो बनाएर दुईतर्फी सवारीसाधन सञ्चालन हुने बनाइएको सुपरभाइजर आचार्यले बताउनुभयो। धवलागिरि, मालिका र मङ्गला गाउँपालिकालाई सदरमुकाम बेनी बजारसँग जोड्ने २४ किलोमिटर दूरीको बेनी-दरबाङ सडकमा गत असारदेखि ठूला सवारीसाधन सञ्चालन हुनसकेका थिएनन्।

यो सडक बागलुङको तमानखोलाका बासिन्दाले पनि प्रयोग गर्छन्। पहिरो खसिरहने भएकाले बेनी-दरबाङ सडकको यात्रा कष्टपूर्ण र जोखिमयुक्त बनेको थियो। बर्खायाममा जीप, ट्याक्सी, माइक्रोबस, मोटरसाइकल र ट्याक्टर चलेका सडकमा मर्मत भएपछि बस तथा ट्रक सञ्चालन हुन थालेका छन्। म्याग्दी मालिका यातायात प्रालिका सञ्चालक अर्जुन आचार्यले सडक सुधार भएपछि दरबाङदेखि काठमाडौं र काठमाडौंदेखि दरबाङ रात्रिबस सञ्चालन गर्न थालिएको बताउनुभयो। म्याग्दी नदीमा निर्माणाधीन चारवटा जलविद्युत् आयोजना, सडक, भवन, खानेपानी, पुल, प्रसारण लाइन, सबस्टेशन आयोजनाका निर्माण सामग्री ढुवानी गर्न पनि सहज भएको छ।

# कडा रोग लागेका बीमितका लागि पुनः 'रिफर' आवश्यक नपर्ने

रासस
काठमाडौं, २८ असोज

स्वास्थ्य बिमा बोर्डले कडा खालका रोगका लागि प्रथम सेवा बिन्दुबाट एकपटक प्रेषण भई सोही अस्पतालमा 'फलोअप' गराउँदा पुनः प्रेषण (रिफर) आवश्यक नपर्ने जनाएको छ।

बोर्डले बीमित व्यक्ति प्रथम सेवा बिन्दुको सेवा अपुग भई रिफरल केन्द्रमा जाँदा विभिन्न समस्या पर्ने भएकाले पुनः रिफर गर्नु नपर्ने व्यवस्था गरेको हो। बोर्डका उपसचिव पुण्यमाया गुरागाईंले एकपटक प्रथम सेवा बिन्दुबाट रिफर गरिसकेको बिरामीलाई पुनः रिफर आवश्यक नभएको बताउनुभयो। उहाँका अनुसार बोर्डअन्तर्गतका सबै सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई पत्राचार गरी सो विषयमा जानकारी गराइसकिएको छ। बोर्डले क्यान्सर, मुटु, मिर्गौला, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल, एनिमिया, पार्किन्सन, अल्जाइमर जस्ता कडा रोग लागेका बिरामीलाई एकपटक रिफर गरिसकेको अवस्थामा सोही अस्पतालमा उपचार गर्न जाँदा पुनः रिफर आवश्यक नपर्ने जनाएको हो। त्यसैगरी अति गरिबीको परिचयपत्र प्राप्त परिवार, अति अशक्त, अपाङ्गता, कुष्ठरोगी, एचआइभी सङ्क्रमित, जटिल खालका क्षयरोग र ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको हकमा पनि एकपटक रिफर भई सोही अस्पतालमा फलोअप गराउँदा पुनः रिफर आवश्यक नपर्ने निर्णय गरिएको उपसचिव गुरागाईंले जानकारी दिनुभयो। आँखा स्वास्थ्यसम्बन्धीको जटिल समस्या, गर्भवती तथा सुत्केरी, दम, कडा किसिमका मानसिक रोग हकमा पनि रिफर आवश्यक नपर्ने जनाइएको छ। देशभरि बोर्डमा प्रथम सेवा बिन्दु ३७७ वटा स्वास्थ्य संस्था र रिफरल स्वास्थ्य संस्था ९८ वटा छन्। बोर्डले सङ्घीय अस्पताल, विशेषज्ञ अस्पताल, विशिष्टीकृत अस्पताल र प्रतिष्ठानलाई प्रेषण केन्द्रका रूपमा राखेको छ। बोर्डमा हाल ९४ लाख बीमित आबद्ध छन्।


**बिमालेख हरायो**

यहि मिति २०८२/०४/१५ गते काहुँखोला देखि महेन्द्रपुल जाँदै गर्दा मेरो निम्न बिवरणको एशियन लाइफ इन्स्योरेन्स कं. लि.को बिमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा बुझाईदिनु हुन अनुरोध गर्दछु।

नाम: अस्मिता बराल
ठेगाना: आर्वा-३, कास्की
बिमालेख नं: ६५१०००५८५१
सम्पर्क नं. ९८२६११०९८१


# मनाङका किसानले भित्र्याए फापर बाली

पोखरापत्र संवाददाता
मनाङ, २८ असोज



मनसुनी वायु सकिएलगत्तै यहाँका किसानले फापर भित्र्याएका छन्। मनाङगाउँ, पिसाङ, भ्राका, टङ्की मनाङलगायत क्षेत्रका किसानले मौसम सुधार हुनासाथ यहाँको रैथाने बाली भित्र्याएका हुन्।

हतारमै फापर थन्क्याइएको मनाङ ङिस्याङ गाउँपालिका-१ पिसाङका भुजुङ गुरुङ बताउनुहुन्छ। "फेरि मौसम बदली हुने हतारोले अहिले राम्रोसँग काट्ने बेला नहुँदै फापर काटियो। यस वर्ष विगतमा भन्दा अलि छिटो चिसो पनि बढेको छ", उहाँले भन्नुभयो, "मौसम सफा हुनासाथ थन्क्याइएको हो।" वर्ष दिनमा एक बाली मात्र उत्पादन हुने मीठो फापर भित्र्याइएको उहाँले जानकारी दिनुभयो। पिसाङका खेतबारीमा फापर छरेको दिनदेखि औसत सय दिनमा मीठो फापर पाक्ने र घाम लागेको मौकाछोपी बाली भित्र्याइन्छ। घाँस नपाइने समयमा फापरको डाँठ परालका रूपमा पशुचौपायालाई खुवाउन सुकुटी पारेर राखिने गरिन्छ। मनाङको प्रमुख खाद्य बालीका रूपमा रहेको फापर जलवायु सङ्कटका कारण परम्परागत अन्य रैथाने बालीभन्दा कम झन्झटिलो भएकाले यहाँका किसानले बढी खेती गरेको कृषि ज्ञान केन्द्र मनाङका प्रमुख मदन रेग्मीले जानकारी दिनुभयो। एक पाथी फापरको रु एक हजार २०० सम्म बिक्री गर्न सकिने चामे गाउँपालिका-५ चामेका उद्यमी शेराप विष्टले बताउनुभयो। फापरसँगै यहाँ उत्पादन हुने उवा, जौ, मकै, आलु, बोडी, सिमीलगायत खेती यहाँको मुख्य बाली हुन्। मीठो फापरको खेती असार-साउनमा छरेर असोजको दोस्रो-तेस्रो साता भित्र्याइन्छ। तीतो फापर भने साउन-भदौ महिनामा छरेर कात्तिकको १५ पछि भित्र्याइने गरिन्छ।


# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानीगाउँ, पर्वत
## गण्डकी प्रदेश, नेपाल

# ढुंगा गिटी वालुवाको निकासी कर संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

प्रथम पटक प्रकाशित मिति : २०८२/०६/२९

फलेवास नगरपालिकाको सत्रौँ नगर सभाको निर्णय अनुसार आफ्नो नगरक्षेत्रभित्रका खोला नदीहरुबाट आ.व.०८२/८३ मा उल्लिखित स्थानहरुमा ढुङ्गा, गिट्टी बालुवा लगायत नदीजन्य पदार्थको उत्खनन तथा निकासी कर संकलन गर्न आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुलाई तपसिलका शर्तको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ।

शर्तहरु:

१. दरभाउपत्र फाराम खरिद गर्न फलेवास नगरपालिकाको राजस्व पोर्टल sutrarevenue.fcgo.gov.np मार्फत बैंक वा कार्यालयमा सम्पर्क गरी तोकिएको दरभाउपत्र दस्तुर (ठेक्का अनुसारको फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल भौचर पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ। उक्तदिन सार्वजनिक विदा भएमा अर्को दिनको कार्यालय समयभित्र फर्म खरिद गर्न सकिनेछ।
२. ठेक्का नं अनुसारको छुट्टाछुट्टै सिलबन्दी दरभाउपत्र १६ औं दिनको दिउँसो १२:०० बजेसम्म कार्यालयमा पेश गरिसक्नु पर्नेछ साथै सोही दिनको दिउँसो १:०० बजे यस कार्यालयमा दरभाउपत्र खोलिनेछ। उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट निर्धारित समयमा उक्त कार्य हुनेछ।
३. दरभाउपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा ५% धरौटी रकम फलेवास नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखामा रहेको धरौटी खाता नं.ग-३, ३५४०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ। साथै राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद रहेको बैंक ग्यारेन्टी लाई समेत मान्यता दिइने छ।
४. दरभाउपत्र पेश गर्दा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।
५. दरभाउपत्र स्वीकृत भएपछि कबोल रकम बढिमा दुई किस्तामा बुझाउनु पर्नेछ। तर रु. १० लाख भन्दा कम रकमको ठेक्काको ठेक्का रकम एकमुष्ठ बुझाउनु पर्नेछ। रकम बुझाउँदा कबोल अंक सहित सोको भ्याट र अग्रीम आय करको रकम समेत बुझाउनुपर्नेछ। सम्झौताको बखत एकमुष्ठ रकम नबुझाउने भए बाँकी दोस्रो किस्ताको लागि धितो (सेक्युरीटी बण्ड) बापत मिति २०८३ साल श्रावण मसान्त सम्म म्याद भएको राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकको जमानत (ग्यारेन्टी) पेश गर्नुपर्नेछ।
६. बिक्री एवं निकासी करको दर मु.अ.कर बाहेक प्रति क्यूबिक फिट रु.७ (अक्षरुपी सात मात्र) हुनेछ।
७. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।
८. ठेक्का सञ्चालन गर्दा नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयम्ले व्यहोर्नु पर्नेछ।
९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्पूर्ण रुपमा यस कार्यालयमा निहित रहनेछ।
१०. उल्लेखित अलग-अलग ठेक्काहरुको लागि दररेटको विस्तृत विवरण सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा सम्पर्क राखेको समयमा उपलब्ध गराइनेछ।
११. ठेक्काका शर्तहरु सम्झौता पत्रमा उल्लेख गरिनेछ साथै अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ। थप कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिने छ।
१२. कुनैपनि फर्म, संस्था वा कम्पनीले एक भन्दा बढि आय ठेक्काको लागि ठेक्का अनुसार छुट्टाछुट्टै शिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ।
१३. यो ठेक्काको म्याद २०८३ साल ज्येष्ठ मसान्त सम्म मात्र हुनेछ।
१४. दरभाउपत्र पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु:-
    क. फर्म इजाजत एवं दर्ता प्रमाण पत्र (नियमानुसार नविकरण भएको)।
    ख. स्थायी लेखा नं. (भ्याट दर्ता प्रमाण पत्र)।
    ग. नियमानुसार कर चुक्ता गरेको प्रमाण पत्र।

तपसिल

| आय ठेक्का नं | बगर तथा नदी क्षेत्र | न्यूनतम कबोल अंक (मुअक र कर बाहेक) | दरभाउ दस्तुर |
|---|---|---|---|
| ०१।०८२।८३ | श्रीकाङ्ग कालीगण्डकी छेस्लाङ्ग बगर, फनपा ११ पांगराँग | १५,५०,०००।- (पन्ध्रलाख पचासहजार मात्र) | रु १००० |
| ०२।०८२।८३ | कटुवा बगर फनपा ४ मुडिकुवा | १६,००,०००।- (सोहलाख मात्र) | रु १००० |
| ०३।०८२।८३ | वालुवाबगर राताढुंगा कालीगण्डकी बगर फनपा ६ देविस्थान | ६,०१,०००।- (छलाख एकहजार मात्र) | रु १००० |
| ०४।०८२।८३ | टुटुङ्गा चंदारेघाट कालीगण्डकी बगर फनपा ६ देविस्थान | ६,६७,०००।- (छलाख सत्सठ्ठीहजार मात्र) | रु १००० |
| ०५।०८२।८३ | जैमिनीघाट बगर फनपा ६ देविस्थान | ७,००,०००।- (सातलाख हजार मात्र) | रु १००० |
| ०६।०८२।८३ | चिरुवा ढुंगा कालीगण्डकी बगर फनपा १० कुर्घा | २,०१,०००।- (दुईलाख एकहजार मात्र) | रु १००० |
| ०७।०८२।८३ | कर्नास कालीगण्डकी छोरे बगर फनपा ११ पांगराँग | २,०१,०००।- (दुईलाख एकहजार मात्र) | रु १००० |

प्रमुख प्रशासकीय अधिकृत

# शिविरबाट एक हजार ३७५ लाभान्वित

पोखरापत्र संवाददाता
बागलुङ, २८ असोज

जैमिनी नगरपालिकामा अहिलेसम्मकै ठूलो स्वास्थ्य शिविर सञ्चालन गरिएको छ।

जैमिनी नगरपालिकाको स्थानीय व्यवस्थापन, रोटरी क्लब अफ पोखरा फिस्टेलको आर्थिक व्यवस्थापनमा असोज १९ गतेदेखि थालिएको आठदिने शिविरमा एक हजार ३७५ जना लाभान्वित भएका छन्। आँखाको शल्यक्रियासहित जैमिनीमा शिविर आयोजना गरिएको हो।

शिविरमा आँखा र स्त्रीरोगसम्बन्धी स्वास्थ्य परीक्षणसँगै आँखाको शल्यक्रिया र स्त्रीरोगमा भिडियो एक्सरे सेवा प्रदान गरिएको थियो। असोज १९ देखि २२ गतेसम्म जैमिनी नगरपालिकाको दुर्गम गाउँमा पुगेर बिरामीको परीक्षण तथा आँखाका जटिल बिरामीको सिफारिस गरिएकामा असोज २३ गतेदेखि चार दिनसम्म जैमिनी नगरपालिकाको केन्द्र कुश्मिसेरामा शल्यक्रिया तथा भिडियो एक्सरे सेवा प्रदान गरिएको जैमिनीका उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो। "यस प्रकारको विशेषज्ञ सेवा लिन नगरवासीले करोडौँ खर्चनु पर्दथ्यो, हाम्रो पहलमा गाउँमै निःशुल्क विशेषज्ञ सेवा दिइएको छ, आँखाको शल्यक्रिया सहरमा महँगो पर्दथ्यो, शिविरले गाउँमै निःशुल्क बनायो", शर्माले भन्नुभयो, "शल्यक्रियासहितको पहिलो शिविर जैमिनीमा भएको हो, विशेषज्ञ चिकित्सकसहित दुई दर्जन बढी स्वास्थ्यकर्मी शिविरमा सहभागी थिए।"

शिविरमा स्त्रीरोग विशेषज्ञ डा केशव भुर्तेल, हिमालय आँखा अस्पतालका प्रमुख डा हरिविक्रम अधिकारी, रेडियोलोजिष्ट डा कालु शर्मालगायत स्वास्थ्यकर्मी शिविरमा सहभागी थिए। शिविरमा एक हजार १३६ जनाको आँखाको परीक्षण गरेकामा ५८ जनाको मोतियाबिन्दुको शल्यक्रिया गरिएको थियो। यस्तै आँखाको परीक्षणपश्चात ४५० जनालाई निःशुल्क चश्मा र आवश्यकताअनुसार औषधि वितरणगर्नुकासाथैस्त्रीरोगसम्बन्धी परीक्षणमा दुई सय ३९ जना महिलाले सेवा लिएकामा दुई सय आठ जनाको भिडियो एक्सरे गरिएको थियो।

# २३ लाख ८० हजार किसान सूचीकृत

रासस
काठमाडौं, २८ असोज

किसान सूचीकरण कार्यक्रमअन्तर्गत २३ लाख ८० हजार किसान सूचीकृत भएका छन्। अनुदानसहित आवश्यक सहायता उपलब्ध गराउन सरकारले उक्त कार्यक्रम ल्याएको हो। राज्यबाट देशभरका किसानलाई विद्युतीय प्रणालीमार्फत सुविधा दिने तयारीसहित किसानलाई सूचीकृत गर्न थालिएको कृषि, सूचना तथा प्रशिक्षण केन्द्रले जनाएको छ।

किसानलाई सूचीकृत गरी उहाँहरूको आम्दानीको अवस्था हेरेर चार प्रकारमा वर्गीकरण गरिने केन्द्रका अधिकृत सञ्जिव पण्डितले जानकारी दिनुभयो। उहाँका अनुसार निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठूला किसान पहिचान गरी परिचयपत्र वितरण गरिनेछ।

विद्युतीय सूचना प्रणालीमा किसान जोडिएपछि रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापनलगायत सुविधा उपलब्ध गराउन सहज हुनेछ। "विसं २०७८ को जनगणनाअनुसार करिब ४१ लाख किसानको गणना गरिएकाले केन्द्रले पनि उहाँहरूलाई समेट्ने योजना बनाएको हो। कार्यक्रम सम्पन्न हुने समयसम्म यो सङ्ख्या केही घटबढ हुन सक्छ", उहाँले भन्नुभयो। कृषि सूचना तथा प्रशिक्षण केन्द्रका अधिकृत पण्डितका अनुसार उक्त कार्यक्रममा देशभर स्थानीय तहमार्फत किसानका सूचना सङ्कलन गरिएको हो। किसानबाट उत्पादित उपज, खेती गरेको जमिनको क्षेत्रफललगायत विवरणसहित एकीकृत तथ्याङ्क सङ्कलन भइरहेको उहाँले जानकारी दिनुभयो। उहाँले विसं २०७७ फागुनमा मन्त्रिस्तरीय बैठकबाट सुरु भएको यस कार्यक्रममा आफ्नो नाम दर्ता गराउन किसानहरूलाई आग्रह गर्नुभयो।

किसानको पहिचान नभएसम्म उहाँहरूले राज्यबाट दिने अनुदान र सेवासुविधा पाउन नसक्ने भएकाले आफ्नो नाम दर्ता गराउन किसानलाई अनुरोध गरिएको उहाँले बताउनुभयो।

द.नं.०२६/०७५/७६ पान नं. ६११७०७०२२

## भद्रकाली बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## BHADRAKALI SAVING & CREDIT CO-OPERATIVE LTD.

पोखरा-१३, वि.पी. मार्ग, कुँडहर, फोन नं.: ०६१-५७६३८०

## सातौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशनमा उपस्थित हुने सम्बन्धी सूचना

यस संस्थाको मिति २०८२।०६।११ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको **सातौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशन** निम्न मिति, समय र स्थानमा तपशिलका प्रस्तावहरु उपर छलफल र निर्णय गर्न उपस्थिति बारेको पत्र शेयर सदस्यहरुको ठेगानामा विभिन्न माध्यमहरुबाट सम्प्रेषण भईरहेको छ। कुनै कारणवस पत्र वा जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी मिति २०८२/०७/२२ गतेका दिन शेयर सदस्य महानुभावहरु उपस्थित भईदिनुहुन हार्दिक अनुरोध गर्दछौं।

प्रस्तावहरु:

- गत वार्षिक साधारण सभाको निर्णय पुस्तिका अनुमोदन गर्ने सम्बन्धमा,
- सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा आ.व.२०८१/२०८२ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
- सञ्चालक समितिको तर्फबाट सचिवद्वारा आ.व.२०८१/२०८२ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
- सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षद्वारा आ.व.२०८१/२०८२ को प्रतिवेदन प्रस्तुत, खर्च अनुमोदन तथा आ.व.२०८२/२०८३ को अनुमानित लक्ष्य विवरण प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
- लेखा सुपरिवेक्षण समितिको तर्फबाट संयोजकद्वारा आ.व.२०८१/२०८२ को प्रस्तुत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
- आ.व.२०८१/२०८२ को स्वतन्त्र लेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदन प्रस्तुत, छलफल एवं पारित सम्बन्धमा,
- आ.व.२०८२/२०८३ को स्वतन्त्र लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा,
- शेयर लाभांश तथा संरक्षित पूजी फिर्ता कोष वितरण अनुमोदन सम्बन्धमा,
- साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्ने सदस्यको नियुक्ति सम्बन्धमा,
- सञ्चालक समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा,
- नीति तथा कार्यविधि निर्माण एवं कार्यान्वयनका लागि अख्तियारी सम्बन्धमा,
- निर्वाचन,
- विविध।

तपशिल :

मिति : २०८२/०७/२२ गते, शनिबार

समय : बिहान ठिक ८.०० बजे

स्थान : सेन्ट्रल भिल्ला (**Central Villa**) वि.पि.मार्ग, पोखरा -१४

पुनश्च: यस संस्थाका शेयर सदस्यहरुलाई मात्र उपस्थितिका लागि अनुरोध गर्दछौं। सभामा पूर्ण समय सक्रिय सहभागी रहनुहुने सदस्यहरुलाई खाना र यातायात खर्च प्रदान गरिनेछ।

सचिव
बाबुराम सापकोटा

## सूचना ! सूचना !! सूचना !!!

*यस एस.आर.ड्रग्स ल्याबोरेटोरिज प्रा. लि. बाट उत्पादित निम्नानुसारका औषधीहरुको आ. व. २०८२/८३ लागि निम्नानुसारको बजार दररेट तथा बिक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रिय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। यदि यी औषधी तथा औषधी जन्य सामानहरु कुनै संघ संस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नु परेमा यस कम्पनीको अधिकारिक बिक्रेता श्री अकिरा ट्रेड कन्सर्न प्रा. लि. बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ।*

Ph: 9856031290, Email: akiratrade81@gmail.com

**S.R. Drug Lab Pvt. Ltd. PRODUCT & RATE LIST 2082/83** Vat No: 622330709

| S.N | BRAND NAME | GENERIC NAME | MRP (PACK) | Per Unit |
|---|---|---|---|---|
| 1 | ACEPRIL 10 TAB (10X10) | Enalapril Maleate 10mg | 700 | 7 |
| 2 | ACEPRIL 2.5 TAB (10X10) | Enalapril Maleate 2.5mg | 230 | 2.3 |
| 3 | ACEPRIL 5 TAB (10X10) | Enalapril Maleate 5mg | 400 | 4 |
| 4 | ACIV 200 TAB (10X5) | Acyclovir USP 200mg | 550 | 11 |
| 5 | ACIV 800 TAB (10X5) | Acyclovir USP 800mg | 1500 | 30 |
| 6 | ACIV CREAM 5GM | Acyclovir BP 5% w/w in Crearn base | 70 | 70 |
| 7 | ALIN 10 TAB (10X5X4) | Amitriptyline HCL IP 10mg | 480 | 2.4 |
| 8 | ALIN 25 TAB (10X5X4) | Amitriptyline HCL IP 25mg | 760 | 3.8 |
| 9 | AM-CLAV 375 TAB(10X10) | CO-AMOXYCLAV 375 mg TAB | 3000 | 30 |
| 10 | AM-CLAV 625 TAB(10X10) | CO-AMOXYCLAV 625 mg TAB | 4000 | 40 |
| 11 | ANGILOK 10 TAB (10X10) | Amlodipine Besylate 10mg | 800 | 8 |
| 12 | ANGILOK 2.5 TAB (10X10) | Amlodipine Besylate 2.5mg | 230 | 2.3 |
| 13 | ANGILOK 5 TAB (10X5x4) | Amlodipine Besilate 5mg | 1000 | 5 |
| 14 | ANGILOK-AT TAB (10X10) | Amlodipine Besylate 5 mg Atenolol 50 mg | 700 | 7 |
| 15 | ANGILOK-L TAB (10x15) | Amlodipine 2.5mg+Losartan Potassium25mg | 1575 | 10.5 |
| 16 | ANGILOK-LF TAB (10x15) | Amlodipine 5mg+Losartan Potassium 50mg | 2450 | 16.33 |
| 17 | ASPICARD 150 TAB (10X10) | Aspirin 150 mg | 200 | 2 |
| 18 | ASPICARD 75 TAB (10X25) | Aspirin 75 mg | 300 | 1.2 |
| 19 | ATOVAST 10 TAB (10X10) | Atorvastatin 10mg | 1078 | 10.78 |
| 20 | ATOVAST 20 TAB (10X10) | Atorvastatin 20mg | 2060 | 20.6 |
| 21 | AZIFAST 250 TAB (6X5) | Azithromycin 250mg | 523.5 | 17.45 |
| 22 | AZIFAST 500 TAB (20X5) | Azithromycin 500mg | 3000 | 30 |
| 23 | BICO-Z CAP (20X10) | B-Complex Capsule with Zinc | 1000 | 5 |
| 24 | BICO-Z SYRUP 100ML | B-Complex Syrup with Zinc | 80 | 80 |
| 25 | BICO-Z SYRUP 200ML | B-Complex Syrup with Zinc | 130 | 130 |
| 26 | BRONCOSAL SYRUP 50ML | Salbutamol 2mg, Bromohexine HCl 5mg | 55 | 55 |
| 27 | BUFEMOL TAB (10X25) | Ibuprofen 400mg , Paracetamol 325mg | 500 | 2 |
| 28 | C-CARE 500 CHEWABLE TAB (10X10) | Vitamin C Chewable Tablet | 600 | 6 |
| 29 | CIFLOQUIN 250 TAB (10X10) | Ciprofloxacin HCl 250mg | 500 | 5 |
| 30 | CIFLOQUIN 500 TAB (10X10) | Ciprofloxacin HCl 500mg | 800 | 8 |
| 31 | CLOMAZOLE CREAM 15GM | Clotrimazole 10 mg | 110 | 1.1 |
| 32 | CLOMAZOLE CREAM 25GM | Clotrimazole 10 mg | 150 | 1.5 |
| 33 | CLOXIN 500 CAP (10x10) | Cloxacillin Sodium 500mg | 1000 | 10 |
| 34 | COLDAREST TAB (10X25) | Anticold (Paracetamol 500mg Chlorpheniramine Maleate 4mg Phenylephrine HCl 10mg) | 750 | 3 |
| 35 | CONAZOL 150 CAP (1X25) | Fluconazole 150mg | 600 | 24 |
| 36 | DELIKOF SYRUP 100ML | Phenylephrine HCL 5mg, Dextromethorphan 15mg Chlorpheniramine Maleate 2 mg | 140 | 140 |
| 37 | DEPLOX 20 CAP (10X10) | Fluoxetine HCl BP 20mg | 550 | 5.5 |
| 38 | DICFEN GEL 30GM | Diclofenac Diethylamine 1% w/w | 150 | 150 |
| 39 | DICFEN TAB (25X10) | Diclofenac Sodium 50mg | 750 | 3 |
| 40 | DICFEN PLUS 5gm | Diclofenac 1% wlw gel | 50 | 50 |
| 41 | DICFEN PLUS 30gm | Diclofenac 1% wlw gel | 160 | 160 |
| 42 | FENAC 100 TAB (10X25) | Aceclofenac BP 100 mg | 1125 | 4.5 |
| 43 | FEX 120 TAB (1x10X10) | Fexofenadine HCl 120mg | 1200 | 12 |
| 44 | FEX 180 TAB (1X10X10) | Fexofenadine HCl 180mg | 1500 | 15 |
| 45 | FEX SUSPENSION 60ML | Fexofenadine Hydrochloride 30mg | 90 | 90 |
| 46 | GERMIDINE SOLUTION 5 % 450 ML | Povidone iodine IP 5 % w/v | 350 | 350 |
| 47 | GLIMEP 1 TAB (10X10) | Glimepiride 1mg | 530 | 5.3 |
| 48 | GLIMEP 2 TAB (10X10) | Glimepiride 2mg | 860 | 8.6 |
| 49 | HEMATIN tab (10x50) | Folic Acid 0.4mg + ferrous sulphate 200 mcg | 1250 | 2.5 |
| 50 | HYOMIDE 10 TAB (10X10) | Hyoscine Butyl Bromide 10mg | 1500 | 15 |
| 51 | HYOMIDE 20 TAB (10X10) | Hyoscine Butyl Bromide 20mg | 2500 | 25 |
| 52 | INDO 25 CAP (10X10) | Indomethacin 25 mg | 600 | 6 |
| 53 | INDO 50 CAP (10X10) | Indomethacin 50 mg | 800 | 8 |
| 54 | INDO SR CAP (10X10) | Indomethacin 75mg SR | 1700 | 17 |
| 55 | KIDKOF SYRUP 50ML | Dextromethorphan Hydrobromide 7.5 mg, Pheniramine maleate 7.5mg Phenylephrine HCL 2.5 mg | 90 | 90 |
| 56 | LOSATEC 25 TAB (10X10) | Losartan Potassium 25mg | 441 | 4.41 |
| 57 | LOSATEC 50 TAB (10X10) | Losartan Potassium 50mg | 760 | 7.6 |
| 58 | LOSATEC-H TAB (10X10) | Losartan Potassium 50mg, Hydrochlorothiazide 12.5 mg tablet | 1200 | 12 |
| 59 | MAXZIDE 12.5 TAB (10X20) | Hydrochlorothiazide 12.5 mg tablet | 400 | 2 |
| 60 | MAXZIDE 25 TAB(10X20) | Hydrochlorothiazide 25 mg tablet | 640 | 6.4 |
| 61 | MEGACEF 100 DT TAB(10X10) | Cefixime 100mg | 1800 | 18 |
| 62 | MEGACEF 200 DT TAB (10X10) | Cefixime 200mg | 2000 | 20 |
| 63 | MEGACEF 400 TAB (10X10) | Cefixime BP eqv. to anhydrate cefixime 400mg | 5500 | 55 |
| 64 | MEGACEF DRY SYRUP 30ML | Cefixime 100mg | 64 | 64 |
| 65 | MEGACEF DRY SYRUP 60ML | Cefixime Trihydrate BP 50 mg/5 ml | 140 | 140 |
| 66 | MEGACEF D/S 60ML | Cefixime Trihydrate BP 100mg per 5 ml | 220 | 220 |
| 67 | META-H 1000SR TAB (10X10) | Metformin Hydrochloride 1000mg | 600 | 6 |
| 68 | META-H 500 TAB (10X25) | Metformin Hydrochloride 500mg | 500 | 2 |
| 69 | META-H 850 TAB (10X10) | Metformin Hydrochloride 850mg | 350 | 3.5 |
| 70 | MUCOSAL SYRUP 100ML | Salbutamol 2 mg/5ml | 55 | 55 |
| 71 | MUPI OINTMNET 5GM | Mupirocin USP 2% w/w Ointment | 145 | 145 |
| 72 | MYMOX DRY SYRUP 60ML | Amoxycillin 125 mg | 90 | 90 |
| 73 | NEUROAGE 1500 TAB (10X10) | Methylcobalamin 1500mcg | 1800 | 18 |
| 74 | NILE TAB (25X10) | Nimesulide 100mg | 750 | 3 |
| 75 | OMOCID 20 CAP (20X10) | Omeprazole 20mg | 800 | 4 |
| 76 | OROSAFE MOUTHWASH 100ML | Chlorhexidine Gluconate 0.2% w/v | 100 | 100 |
| 77 | P-40 TAB (25X10) | Pantoprazole 40mg | 2000 | 8 |
| 78 | PFOTY DSR CAP | Pantoprazole (as enteric coated pellets) 40mg Domperidone (sustained release pellets) 30mg | 1600 | 16 |
| 79 | phenocet 50X10 | paracetamol 500 mg | 500 | 1 |
| 80 | phenocet syr 60 ml | paracetamol 125 mg mg | 30 | 30 |
| 81 | PROMETH 25 TAB(10X10) | Promethazine HCl IP 25mg | 500 | 5 |
| 82 | RIZICET SYRUP 60ML | Cetirizine HCL 5 mg | 70 | 70 |
| 83 | RIZICET TAB (10X5X10) | Cetirizine HCL 10 mg | 2000 | 4 |
| 84 | SALIDERM OINTMENT 15GM | Benzoic Acid IP 6% w/v, Salicylic Acid IP 3% w/v | 55 | 55 |
| 85 | SALIDERM OINTMENT 30GM | Benzoic Acid IP 6% w/v, Salicylic Acid IP 3% w/v | 70 | 70 |
| 86 | SALTCARE (20.5GM) | Sodium Chloride 2.6gm Dextrose Anhydrous 13.5gm Potassium Chloride 1.5gm, Trisodium Citrate 2.9gm | 10 | 10 |
| 87 | SILVADERM CREAM 15GM | Silver Sulphadiazine USP 1% w/w Chlorhexidine Gluconate solution 0.2% w/w (Cream base QS.) | 50 | 50 |
| 88 | SILZINE CREAM 25GM | Silver Sulphadizine USP 1%W/W | 100 | 100 |
| 89 | SR DOX CAP (10X10) | Doxycycline HCl 100mg | 600 | 6 |
| 90 | TRANAREST 500 TAB (10X10) | Tranexamic Acid 500 mg | 2400 | 24 |
| 91 | TRIODERM OINTMENT 15GM | Polymyxin B sulphate USP5000units, Bacitracin Zinc USP 400units Neomycin sulfate USP 3400units | 110 | 110 |
| 92 | VITACAL TAB (10X25) | Calcium Carbonate 500mg, Vitamin D3 250 IU | 1250 | 5 |
| 93 | VOCET SYRUP 30ML | Levocetirizine Dihydrochloride IP 2.5 mg / 5ml | 70 | 70 |
| 94 | VOCET TAB (10X5X5) | Levocetirizine Dihydrochloride IP 5mg | 1500 | 6 |
| 95 | VOMIZ SYRUP 30ML | Ondansetron hydrochloride 2mg/5ml | 75 | 75 |
| 96 | VOMIZ 4 TAB | Ondansetron hydrochloride 4mg | 700 | 7 |
| 97 | VOMIZ 8 TAB | Ondansetron hydrochloride 8mg | 1200 | 12 |
| 98 | WORMLOC TAB (1X50) | Albendazole 400mg (Chewable Tablet) | 500 | 10 |
| 99 | ZENOSAR 200 TAB (10X10) | Ofloxacin 200mg | 700 | 7 |
| 100 | ZENOSAR 400 TAB (10X10) | Ofloxacin 400mg | 800 | 8 |
| 101 | ZENOSAR SUSPENSION 60ML | Ofloxacin 50mg/5ml | 100 | 100 |
| 102 | MYMOX 250 CAP (10x10) | Amoxycillin 250mg | 500 | 5 |
| 103 | MYMOX 500 CAP (20x10) | Amoxycillin 500 mg | 1600 | 8 |